


# दिगो विकास लक्ष्य सम्बन्धी संक्षिप्त विश्लेषण र सुझाव

## पृष्ठभूमि

सन् २०१५ मा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरु सम्मिलित राष्ट्रसंघीय साधारण सभाको शिखर सम्मेलनले पारित गरेपछि दिगो विकास एजेण्डा सन् २०१६ जनवरी १ देखि लागु गरिएको हो । यसका लक्ष्य तथा सूचकहरु सन् २०३० सम्ममा हासिल गर्ने प्रतिवद्धता नेपाल लगायतका सदस्य राष्ट्रहरुले गरेका छन् । दिगो विकास लक्ष्यले मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । यसले मानव जीवनको सामाजिक पक्ष, पर्यावरण र आर्थिक क्रियाकलापको सन्तुलित प्रयोगको आधार तयार गरेको छ ।

दिगो विकास लक्ष्यका मुख्यतः पाँचवटा आधारस्तम्भहरु मानिएको छ । यी लक्ष्यहरु पाँचवटा मुख्य स्तम्भहरु मानव (People), पृथ्वी (Planet), समृद्धि (Prosperity), शान्ति (Peace) र साझेदारी (Partnership) मा आधारित रहेका छन् । यसको मुख्य नारा नै विश्वको रुपान्तरण (Transforming our world) रहेको छ ।

दिगो विकास लक्ष्यहरु सन् २०१५ मा एकैचोटी अनुमोदन गरिएको नभई यसका पछाडि धेरै महत्वपूर्ण घटनाक्रम जोडिएका छन् । सन् १९९२ मा ब्राजिलको रियो डे जानेरोमा भएको पृथ्वी सम्मेलनले मानव जीवनको सुरक्षा र वातावरण संरक्षण गर्दै दिगो विकासका लागि साझेदारी गर्ने विषयलाई प्राथमिकतामा राख्यो । सन् २००१ देखि २०१५ सम्म कार्यान्वयन गरिएका सहश्राब्दी विकास लक्ष्यका केही पक्ष हासिल भए भने केही भएनन् । यस क्रममा भएका सिकाई र नसमेटिएका पक्षहरुलाई समेत समावेश गर्न दिगो विकास लक्ष्यहरुको आवश्यकता रह्यो । सन् २०१२ मा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले "द फ्युचर वी वान्ट" (हामीले चाहेको भविश्य) दस्तावेज अवलम्वन गरेपछि दिगो विकास लक्ष्यहरुको डिजाइन गर्ने प्रक्रिया अगाडि बढ्यो । २०१५ पछिको विकास एजेण्डा के हुने भन्ने विषयमा राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी तहमा छलफल प्रकृयापछि दिगो विकास लक्ष्यहरुका लागि आधार सिर्जना भएको हो ।

## नागरिक समाज र संघसंस्थाहरु दीगो विकास लक्ष्य कार्यान्वयनका महत्वपूर्ण साझेदार ।

दिगो विकास लक्ष्य सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा (2030 Agenda for Sustainable Development) नै सबैभन्दा महत्वपूर्ण र आधार दस्तावेज हो । नागरिक समाज र नागरिक संघ संस्थाहरु दिगो विकास लक्ष्य कार्यान्वयन र मूल्याङ्कनमा साझेदार हुनुपर्ने आधार यही घोषणाले सिर्जना गरेको छ । लोकतान्त्रिक अभ्यास र मानव अधिकारका सिद्धान्तका आधारमा पनि नागरिक समाजको भूमिका दिगो विकास लक्ष्य कार्यान्वयनको अभिन्न पक्ष हो । नागरिक सहभागिता, अपनत्व र परिचालन विना दीगोपना हासिल हुन नसक्ने र विकास समावेशी तथा न्यायपूर्ण हुन नसक्ने हुनाले संयुक्त राष्ट्रसंघ, सरकार, विकास साझेदार तथा संघसंस्थाहरुका साथै निजी क्षेत्रहरुले सबै तह र प्रक्रियामा नागरिक सहभागिता, नागरिक संघसंस्थाहरुसँग साझेदारी र नागरिक आवाजलाई सबै तहका प्रक्रियाहरुमा स्थान दिन जरुरी छ ।

नेपालले सन् २०१७ र २०२० मा गरी २ पटक संयुक्त राष्ट्र संघीय उच्च स्तरीय राजनीतिक मञ्च (High Level Political Forum) मा स्वैच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review) प्रतिवेदन प्रस्तुत गरिसकेको छ। यस क्रममा नेपालका नागरिक संघ संगठनहरुले विभिन्न तहमा छलफल तथा अन्तरक्रिया र प्रगतिको समीक्षा गर्दै सरकारलाई सुझाव हस्तान्तरण गर्ने कार्य गरेका छन्। जनस्तरमा भएका यस्ता प्रयासहरुको संयोजन गर्दै नागरिक सवालहरुलाई एकत्रित गरी प्रतिवेदन तयारी गर्न गैरसरकारी संस्था महासंघ नेपालले संयोजन गरेको छ। यसका अतिरिक्त हरेक वर्ष कुनै न कुनै विषयमा केन्द्रित भै छलफल, विश्लेषण गरी त्यसलाई डकुमेन्टेशन गर्दै प्रतिवेदन तयारी गर्ने र सम्बन्धित सरोकारवालाहरुको ध्यानाकर्षण गराउने अभ्यास गरिएको छ।

दिगो विकास लक्ष्यसम्बन्धी संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुको घोषणाले दिगो विकास लक्ष्य कार्यान्वयनको स्वैच्छिक राष्ट्रिय समीक्षाको प्रावधान राखेको छ। सोही अनुसार प्रत्येक वर्ष राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् अन्तर्गत दिगो विकास लक्ष्यको स्वैच्छिक राष्ट्रिय समीक्षामा दिगो लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्ध संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले भाग लिन्छन्। दिगो विकास लक्ष्यको कार्यान्वयन र मूल्यांकनमा नागरिक समाजको भूमिका र महत्वलाई दिगो विकास लक्ष्यसम्बन्धी घोषणापत्रले पनि महत्वका साथ उल्लेख गरेकोले नागरिक समाजको भूमिकालाई दिगो विकास लक्ष्यको कार्यान्वयन, अनुगमन र मूल्यांकनका क्रममा स्थानीय तथा राष्ट्रियदेखि क्षेत्रिय र विश्वस्तरकै प्रक्रियाहरुमा महत्व दिईएको छ।

### "कसैलाई पछि नछोडौं" सिद्धान्तः समानता र समावेशी विकासको माध्यम।

"कसैलाई पछि नछोडौँ" सिद्धान्त न्यायपूर्ण, समावेशी र समतामूलक विकास तथा समाजवाद उन्मुख समाज निर्माणका लागि एक महत्वपूर्ण आधार बन्न सक्छ। नागरिक समाज र संगठनहरुको सरोकार र प्राथमिकताका विषयहरु पनि यससँग सम्बन्धित छन्। देशभित्रै र देशहरुबीच रहेको वहुआयामिक असमानता र भेदभावको अन्त्य गर्न, जलवायु परिवर्तनका असरहरुलाई सम्बोधन गर्न र वातावरणीय दिगोपना अभिवृद्धि गर्न पनि दिगो विकास लक्ष्य महत्वपूर्ण छ। बञ्चितीकरण, संकटासन्न र विभेदमा परेका समूह, वर्ग र क्षेत्रको पहिचान गरी लक्षित कार्यक्रम, स्रोत र अनुगमनको व्यवस्था गर्नु अति महत्वपूर्ण साथसाथै चुनौतिपूर्ण रहेको छ। हालसम्म रहेको नीतिगत, संरचनागत, प्रणालीगत र व्यवस्थापकीय चुनौतिहरुको सम्बोधन गर्न र सहस्राब्दी विकास लक्ष्य लगायतका विकास ढाँचाहरुमा रहेका कमजोरीहरु सम्बोधन गर्न अत्यावश्यक छ।

गरिवी र मानव विकासमा रहेको असमानता घटाउनु चुनौतिपूर्ण छ। अर्थतन्त्र खुम्चिएको अवस्था र रोजगारी सिर्जना हुन नसकेको अवस्थामा यो झनै कठिन छ। सामाजिक सुरक्षा कार्यक्रममा लक्षित समूहका सबैलाई समावेश गर्न, स्वास्थ्य तथा शिक्षामा उपलब्धता, प्रभावकारिता र सुलभता बढाउन र गरिवी र पछौटेपन सम्बोधन गर्न अति महत्वपूर्ण हुन्छ। यसका लागि पनि गरिवीको आधारभूत तथ्याङ्क वर्ग, क्षेत्र, लिङ्ग र समुदायको आधारमा अद्यावधिक गरिनु पर्छ। तथ्याङ्कको गुणस्तर बढाउन र खण्डिकृत तथ्याङ्कको अभाव सम्बोधन गर्न आवश्यक छ।

दुर्गम भेग र विपन्न समुदायका लागि सुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्न भौतिक संरचना, आधुनिक प्रविधि र जनशक्तिको व्यवस्था गर्नु अति जरुरी छ। यसै गरी शिक्षाका लागि पनि भौतिक संरचना, तालिम प्राप्त शिक्षक र प्रविधिको व्यवस्था गरी शिक्षामा पहुँच बढाउन जरुरी छ। आधारभूत खानेपानी तथा सरसफाईका सूचकमा उल्लेखनीय प्रगति हासिल भएपनि गुणस्तर र समावेशीताका पक्षमा सुधार गर्न आवश्यक छ। खानेपानी तथा सरसफाई सुविधामा विपन्न वर्ग र क्षेत्रको पहुँच र उपलब्धता जरुरी छ।

लैङ्गिक मूलप्रवाहीकरण सबै लक्ष्यमा सुनिश्चित गर्नुपर्छ। समान ज्यालाको ग्यारेन्टी, हिंसा, विभेद, बलात्कार, शोषण, मानव ओसार-पसार आदिको नियन्त्रण गरी महिला तथा बालिकाहरुका लागि सुरक्षित समाज प्रवर्द्धन गर्न जरुरी छ। इन्टरनेट र अनलाइन प्लेटफर्मको माध्यमबाट हुने हिंसा र दुर्व्यवहार नियन्त्रण गर्नुपर्छ। यसैगरी नेतृत्व तहमा पनि महिला सहभागिता सुनिश्चित गर्न जरुरी छ। स्रोत साधन र सम्पत्तिमाथिको पहुँच र नियन्त्रण महिला सशक्तिकरणका लागि निकै महत्वपूर्ण हुन्छ। तर यसतर्फ प्रगति न्यून छ। लैंङ्गिक समावेशी र उत्तरदायी कार्यक्रम, योजना, बजेट, अनुगमन र तथ्याङ्कको व्यवस्था गर्न आवश्यक छ।

सामाजिक सुरक्षा कोषलाई गैरसरकारी क्षेत्रमा कार्यरत व्यक्तिहरुका लागि पनि अनुकूल बनाउन र आँशिक र आवधिक रुपमा मात्र रोजगारीमा संलग्नहरुको लागि पनि उत्साहजनक बनाउन जरुरी छ। सामाजिक र लैङ्गिक असमानता घटाउन रणनीतिक कार्यक्रमको व्यवस्था, व्यवसायिक सीपको विकास र रोजगारी सिर्जना गर्नुपर्छ।

जलवायु परिवर्तन, विपद् र महामारीले संकटासन्नता र असमानता बढाउने हुनाले नवीन प्रविधि र अन्तर्राष्ट्रिय विकास साझेदारीका माध्यमबाट यस्ता समस्याहरुको न्यूनीकरण गर्नुपर्छ। अव्यवस्थित शहरीकरण, भवन आचारसंहिताको अनुशरण नहुनु र कार्यान्वयन नहुनुले मानव वस्ती असुरक्षित र विपद् प्रतिरोधी हुन सकेको छैन। भौतिक संरचना, साँस्कृतिक संरचना, ऐतिहासिक सम्पदा र आकस्मिक सेवा

आदिलाई व्यवस्थित गरी शहरीकरण गर्नुपर्छ । मानव-जंगली जनावर द्वन्द्व व्यवस्थापन, जंगलको दिगो व्यवस्थापन तथा संरक्षण, साथै जंगल र पर्यावरणीय संरक्षणलाई जनजीविका र दिगोपनासँग जोडेर लैजानुपर्दछ ।

## श्रोत, साधनको व्यवस्थापन र साझेदारी विकास गर्न आवश्यक छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनमा आवश्यक स्रोत र साधनमा रहेको अपुग त छँदैछ, यसमा अन्य चुनौतिहरु पनि थपिएका छन् । कोभिड-१९ को महामारी र यसका नकारात्मक असरहरु तथा विश्वव्यापी आर्थिक मन्दी चुनौतिका रुपमा रहेका छन् । दिगो विकास लक्ष्यहरु हालिसका लागि आवश्यक पर्ने स्रोतको अभाव कसरी पूर्ति हुन्छ ? निजी क्षेत्रको संलग्नता र परिचालनलाई कसरी व्यवस्थापन गर्ने ? भन्ने प्रश्नहरु अनुत्तरित नै छन् ।

दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा साझेदारी प्रवर्द्धन गर्नु पर्नेमा अपेक्षित रुपमा परिणाम हासिल हुन नसक्दा स्रोतको कमी हुन गएको छ । तर अर्कोतर्फ उपलब्ध स्रोत साधनको पनि सदुपयोग गर्ने क्षमताको कमी र कार्य सम्पादन कमजोर हुँदा विकासको प्रतिफल हासिल हुन सकेको छैन । पुँजीगत खर्चको अवस्था कमजोर छ ।

सबै जसो लक्ष्य र सूचकको सन्दर्भमा सचेतना, सूचना प्रवाह र क्षमता अभिवृद्धिको विषयलाई प्राथमिकता दिन जरुरी छ । समुदाय स्तरमा नै सचेतना, जनपरिचालन, सहकार्य र साझेदारी विकास गर्नुपर्छ । यसका लागि नागरिक संस्थाहरुको सीप, क्षमता र स्रोत साधनको परिचालन गर्नुपर्छ ।

## दीगो विकास लक्ष्यहरुको आन्तरिकीकरण र स्थानीयकरण प्रभावकारी हुनुपर्छ ।

दिगो विकास लक्ष्यहरुलाई आवधिक योजना, बजेट कोडिङ्ग, मध्यावधिक खर्च संरचना, स्थानीयकरण आदि प्रक्रियाबाट एकीकृत र आन्तरिकीकरण गरिएको भनिएता पनि यो पक्ष कमजोर रहेको छ । संघीय व्यवस्थामा दिगो विकास लक्ष्यको कार्यान्वयनमा स्थानीय तहहरुको जिम्मेवारी र भूमिका अति नै महत्वपूर्ण रहन्छ । तर दिगो विकास लक्ष्यको स्थानीयकरण वास्तविक रुपमा हुन नसक्दा कार्यान्वयन चुनौतिपूर्ण रहेको छ । कार्यान्वयनको आधा अवधि समाप्त भइसक्दा पनि दिगो विकास लक्ष्यको एजेण्डा स्थानीय तहले बुझ्न र अनुशरण गर्न गरिसकेको अवस्था छैन । दिगो विकास लक्ष्यका सूचक र परिमाणात्मक लक्ष्यको आधारमा योजना निर्माण र वजेट विनियोजन हुन सकेको छैन । पुँजीगत खर्च गर्न नसक्नु एक गम्भीर चुनौति रहेको छ । स्थानीय तहमा विविध विषयगत क्षेत्रहरुको जिम्मेवारी छ तर सोही अनुसारको संस्थागत संरचना र मानव संसाधनको व्यवस्थापन हुन सकेको छैन । विभिन्न विषयगत क्षेत्र हेर्ने कर्मचारी र जिम्मेवार व्यक्ति तथा स्थानीय नागरिक समाजहरुलाई दीगो विकास लक्ष्यको स्थानीयकरणमा क्षमता अभिवृद्धि गर्न आवश्यक छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि विभिन्न स्थानीय तहका कार्यक्रम, नवीन प्रयास र सिकाईको आदानप्रदानका लागि विभिन्न संयन्त्रको व्यवस्था गरिनु पर्छ । यसैगरी, विभिन्न तहका सरकारहरुबीच सहकार्य र समन्वयको कमी र चुनौतिले धेरै लक्ष्यहरुको कार्यान्वयनलाई चुनौतिपूर्ण बनाएको देखिएको छ ।

## तथ्याङ्क, प्रतिवेदन र अनुगमन प्रणाली सुधार्दै जवाफदेहिता अभिवृद्धि गर्नुपर्छ ।

प्रगतिको मापनका लागि खासगरी स्थानीय तथा प्रादेशिक तहमा आधार तथ्याङ्कको अभाव छ । तथ्याङ्क संकलन र व्यवस्थापन संयन्त्रको अभाव साथै तथ्याङ्क र प्रतिवेदन प्रविष्टिको एकीकृत प्रणाली सञ्चालनमा नहुँदा वास्तविक प्रगतिको मापन गर्न चुनौतिपूर्ण देखिएको छ । खण्डिकृत तथ्याङ्कविना समष्टिगत प्रगति प्रस्तुत गर्ने साथै मापन र तथ्याङ्कको आधारलाई नै तोडमोड गरी प्रगति प्रस्तुत गरिएको हो कि भन्ने आशंका छ । लक्षित र विशिष्टिकृत कार्यक्रमबिना समावेशी र समतामूलक रुपमा परिणाम हासिल गर्न चुनौतिपूर्ण रहने कुरा नागरिक समाज र संघसंस्थाहरुले निरन्तर रुपमा अभिव्यक्त गरेका छन् । तथ्यांक संकलनका लागि नागरिक सिर्जित तथ्याङ्क र प्राज्ञिक क्षेत्रमा उत्पादन हुने तथ्य तथ्याङ्कको समेत उपयोग गर्न सक्नु पर्छ ।

## मौलिक हक, अधिकार र स्वतन्त्रताको कार्यान्वयन नै दिगो विकास लक्ष्य कार्यान्वयनको माध्यम हो ।

संविधानमा व्यवस्था भएका मौलिक हक र अधिकारको प्रत्याभूति गर्न र कार्यान्वयन गर्न नीति, ऐन तथा कार्यक्रम निर्माण हुन जरुरी छ । यस्ता प्रावधानहरुको प्रभावकारी कार्यान्वयन हुनसके धेरै दिगो विकास लक्ष्यहरुको हासिल गर्न समेत योगदान हुने हुनाले सोही अनुसार गर्नुपर्छ । उपभोक्ता हित संरक्षण र वस्तु तथा सेवाको गुणस्तर अनुगमन र नियन्त्रण गर्न आवश्यक छ ।

## सुशासन, न्याय र जवाफदेहिता दिगो विकास लक्ष्य हासिलको आधार हुन् ।

दिगो विकास लक्ष्य १० र १६ ले सबै लक्ष्यहरुको कार्यान्वयनमा अत्यावश्यक र आधारभूत अवस्थाको सिर्जना गर्छ । तर यस लक्ष्य अन्तर्गतका धेरै पक्षहरुको कार्यान्वयन कमजोर छ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि असमानता न्यूनीकरण तथा संस्थागत संरचना र जिम्मेवारी बाँडफाँड गर्न साथै विषयगत समितिहरुको गठन गरी उनीहरुको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक छ ।

नागरिक समाज र संघसंस्थाहरुको दर्ता, नविकरण, कार्यक्रम स्वीकृति तथा सञ्चालन, कर, स्रोतको प्रवाह आदिमा थप व्यवधान र नियन्त्रण गरिएको अवस्था छ । लोकतन्त्र, नागरिक स्वतन्त्रता, सामाजिक समावेशीकरण, मानवअधिकार, न्याय, शान्ति, सुशासन, संस्थागत संरचना र क्षमता आदि आधारभूत तत्वहरु हुन् तर यस पक्षलाई नजरअन्दाज गरिएको छ । यसप्रति सरकार जिम्मेवार हुनुपर्ने नागरिक संघसंस्थाहरुको माग रहेको छ । संक्रमणकालीन न्यायलाई टुँगो लगाउन बाँकी नै छ ।

न्याय खोज्नु र पाउनु महँगो भएको छ । व्यक्तिगत घटना दर्ता, नागरिकता र अन्य परिचयपत्रको अभावमा कैयौं व्यक्तिहरु सेवा, सुविधा र अधिकारबाट बञ्चित भएको तथ्यलाई सम्बोधन गर्न जरुरी छ । सेवा प्रवाह लामो र प्रक्रियामुखी भएको छ । भ्रष्टाचार प्रणालीमा नै व्याप्त छ । यो नेपालका लागि एक चुनौति हो ।

.................................................................................................................................................

## नेपाल दिगो विकास मञ्च ।

दिगो विकास एजेण्डा २०३० को कार्यान्वयनमा क्रियाशील नागरिक संगठनहरुले सन् २०१६ मा नेपाल दिगो विकास मञ्च (Nepal SDGs Forum) को स्थापना गरेका हुन् । दिगो विकास मञ्चको सचिवालय गैरसरकारी संस्था महासंघ नेपालमा रहेको छ । यस मञ्चको संयोजन तथा सचिवालयको जिम्मेवारी गैर सरकारी संस्था महासंघ नेपालले गर्दछ । यो मञ्च खुला र खुकुलो प्रकृतिको भएको हुँदा यसमा दिगो विकासमा योगदान दिनसक्ने संस्था, सञ्जालहरु, प्राज्ञिक व्यक्तित्वहरु, प्राविधिक, पेशाकर्मी, विशेषज्ञ समेत सहभागी हुन सक्दछन् । यो मञ्चका मुख्य विषयगत क्षेत्रहरु मुख्यतः १९ वटा (शिक्षा, स्वास्थ्य, वातावरण तथा जलवायू, कृषि, खाद्य सुरक्षा तथा पोषण, खानेपानी तथा सरसफाई, उर्जा, दिगो शहर, वन, जलश्रोत, जमीन, विपद् व्यवस्थापन, सुशासन, भ्रष्टाचार नियन्त्रण, न्यायमा पहुँच, मानवअधिकार, शान्ति, विकास लगानी, उपभोक्ता हित संरक्षण र लैंगिक न्याय) रहेका छन् । विभिन्न नागरिक संगठन तथा सञ्जालहरुले यस्ता लक्ष्य तथा विषयगत क्षेत्रहरुको नेतृत्व गर्छन् ।

यसले राष्ट्रिय तहमा नागरिक संस्थाहरुको प्रतिनिधित्व गर्दै Vonuntary National Review प्रकृयामा प्रतिनिधित्व गर्दछ । दिगो विकास सम्बन्धी सूचनाहरु, स्रोत सामग्रीहरु उपलब्ध गराउनका साथै दिगो विकास प्रकृयामा नागरिक संस्थाहरुको प्रतिनिधित्व र आवाजहरुलाई मुखरित गर्न पैरवी गर्ने गर्दछ । यस मञ्चमा नेपालमा कार्यरत नागरिक संस्थाहरुको उल्लेख्य सहभागिता रहेको छ । यसले अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालका नागरिक संस्थाहरुको प्रतिनिधिमूलक उपस्थिति जनाउनका साथै नागरिक क्षेत्रबाट भएका दिगो विकास लक्ष्यहरुसँग सम्बन्धित उपलब्धिहरुको समीक्षा गर्ने गर्दछ । स्वैच्छिक राष्ट्रिय समीक्षा गर्ने, हाइ लेवल पोलिटिकल फोरममा सहभागिता जनाउने र नेपालका सवालहरुलाई र सिकाइलाई अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउन यसले कार्य गर्दछ । नागरिक क्षेत्रबाट अन्य संघसंस्थाहरुले स्वतन्त्र रुपमा समेत दिगो विकास लक्ष्य सम्बन्धी कार्यहरु गरिरहेका छन् । विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरु यस मञ्चको सल्लाहकारको भूमिका निर्वाह गर्दछन् र सहयोग गर्दछन् । यसैगरी, संयुक्त राष्ट्रसंघीय निकायहरु, सहकारी, निजी क्षेत्र आदिसँग सहकार्य गरिएको छ ।

थप जानकारीका लागि : https://nepalsdgforum.org/

---

**प्रकाशकः**

गैरसरकारी संस्था महासंघ नेपाल

**सहयोगः**

**प्रतिलिपि अधिकारः** गैरसरकारी संस्था महासंघ नेपाल । २०८० । मुनाफारहित प्रयोजनका लागि यसमा समावेश विषयवस्तु आवश्यक साभार तथा उद्धरणसहित प्रकाशन गर्न सकिनेछ ।

**अस्वीकरणः** यो विश्लेषण र सुझाव जी फाउण्डेशनको सहयोगमा गैरसरकारी संस्था महासंघद्वारा तयार पारिएको हो । यसमा समावेश भएका धारणा र विचारले जी फाउण्डेशनको औपचारिक दृष्टिकोणको प्रतिनिधित्व गर्छन भन्ने छैन ।